बैठक मितिः २०७८/६/७

बैठक सङ्ख्या : ७

**छलफल तथा निर्णयः**

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट "नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०२१-२०२५)" को मस्यौदाउपर राष्ट्रिय योजना आयोगको राय/सुझाव माग भई आएको सम्बन्धमा महाशाखाबाट प्रस्तुत प्राप्त राय/सुझावमा आयोगको बैठकमा प्राप्त भएका राय/सुझाव समावेश गरी पठाउने निर्णय गरियो।

२. पन्धौं योजना (आ.व. २०७६/७७ देखि २०८०/८१) को कार्यान्वयनका दुई वर्ष समाप्त भई तेस्रो वर्ष निरन्तर रहेको, कोभिड-१९ महामारीबाट समष्टिगत अर्थतन्त्र तथा यसका विविध पक्षमा असर परेको, परिवर्तित सन्दर्भमा सरकारका प्राथमिकता तथा कार्यक्रममा आएका र आउन सक्ने परिवर्तन सम्बोधन गर्नुपर्ने भएकोले विगतका योजनाको जस्तै मध्यावधि समीक्षा तथा मूल्याङ्कन गर्ने निर्णय गरियो।

३. सङ्घीय शासन पद्धति सापेक्ष तथ्याङ्क प्रणालीको स्थापना गर्न, प्रदेश तथ्याङ्क कार्यालय स्थापना गर्न, संरचनात्मक सुधार तथा दरबन्दी मिलान गरी सङ्गठनलाई चुस्त बनाउने गरी तयार गरिएको केन्द्रीय तथ्याङ्क विभागको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बैठकमा छलफल गरियो।

४. सीप विकास तथा रोजगारमूलक तालिम सञ्चालनको पाठ्यक्रम, मापदण्ड र परीक्षणमा एकरूपता कायम गरी प्रभावकारी बनाउन अध्ययन गरी रणनीतिक कार्ययोजना तयार गर्ने निर्णय गरियो।

५. प्रदेशहरूको लागि मध्यमकालीन खर्च संरचना, परियोजना बैंक तथा समपुरक र विशेष अनुदान हस्तान्तरण सम्बन्धी विद्युतीय प्रणाली तयार गरी प्रदेशहरूलाई राष्ट्रिय योजना आयोगले उपलब्ध गराउने।